# कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८२

"कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संशोधन २०७७)" को दफा ४ को उपदफा २ बमोजिम कृषि विकास कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि यो मापदण्ड तथा सञ्चालन विधि तयार गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**(१) यो विधिको नाम "कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८२" रहेको छ।

(२) यो विधि मन्त्रालयवाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

(३) यो विधि अनुसूची -१ मा उल्लेखित कार्यक्रमहरु कार्यान्वयनका लागि लागु हुनेछ ।

२. **अनुदानको वर्गीकरण:**(१) अनुदान लक्षित कार्यक्रमहरुलाई देहाय वमोजिम वर्गीकरण गरिनेछ ।

(क) उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम

(ख) उत्पादनोप्रान्त प्रविधि तथा प्रशोधन कार्यक्रम

(ग) बजार प्रवर्द्धन कार्यक्रम

(२) प्रस्ताव पेशगर्दा रितपुर्वक प्राप्त आवेदक कृषक/कृषक समूह/कृषि सहकारी/उद्यमीहरुको हकमा माथि उल्लाखित सम्पूर्ण कार्यक्रममा आवेदन दिन सक्नेछन।

३. **प्रस्ताव आवहान तथा संकलन:** (१) कार्यक्रम सञ्चालनको लागि कृषि ज्ञान केन्द्रको प्रमुखले सूचना तथा आवेदकले प्रस्ताव गर्ने फार्मको ढाँचा तथा अन्य आवश्यक कागजात स्वीकृत गरि सूचना प्रकाशित गर्नुपर्नेछ।

(२) कार्यक्रम सञ्चालन गर्ने निकायले अनुसूची-१ मा उल्लेखित कार्यक्रमहरुको लागि कम्तिमा पन्ध्र (१५) दिनको म्याद दिई दैनिक पत्रिकामा सूचना प्रकाशन/प्रस्ताव आवहान गरी अनुदानग्राहीबाट प्रस्ताव संकलन गर्नु पर्नेछ ।सूचना स्थानीय एफ. एम. बाट समेत प्रचार प्रसार गर्नुपर्नेछ। प्रकाशित भएको सूचनाको जानकारी जिल्लास्थित सबै स्थानीय तह तथा कृषि विकास निर्देशनालयमा समेत पठाउनुपर्नेछ। सूचना तथा प्रस्तावको ढाँचा कार्यालयको वेवसईटमा राख्नुपर्नेछ।

(३) सूचना प्रकाशन गर्दा माग बमोजिम आवेदन नपरेमा दोश्रो पटक सात (७) दिनको समय सीमा राखि पुनः सूचना प्रकाशन गर्नुपर्नेछ ।

डा. उमेश दाहाल
प्रदेश सचिव

४. प्रस्ताव मुल्याङ्कन समितिः (१) कार्यक्रमको उद्देश्य अनुसार पेश भएका प्रस्तावहरुको मुल्याङ्कन र छनौट गरी स्वीकृतिको लागि सिफारीस गर्न जिल्ला स्तरमा देहाय बमोजिमको प्रस्ताव मुल्याङ्कन समिति रहने छ।

| | |
|---|---|
| (क) कृषि ज्ञान केन्द्रको प्रमुखले तोकेको अधिकृत | संयोजक |
| (ख) कृषि विकास निर्देशनालयको प्रतिनिधी | सदस्य |
| (ग) अधिकृत प्रतिनिधी, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | सदस्य |
| (घ) प्रतिनिधी, आर्थिक प्रशासन हेर्ने शाखा | सदस्य |
| (ङ) कार्यक्रम हेर्ने प्राविधिक कर्मचारी | सदस्य-सचिव |

(२) प्रस्ताव मुल्याङ्कन समितिले दुई जनासम्म प्राविधिक/विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) प्रस्ताव मुल्याङ्कन समितिले अनुसूची-१ मा उल्लेखित आवश्यक न्युनतम मापदण्डलाई आधार लिई प्रस्ताव मुल्याङ्कनका थप आधार आफैले तयार गरी कृषि ज्ञान केन्द्र प्रमुखवाट स्वीकृत गराई म्याद भित्र प्राप्त भएका प्रस्तावको योग्यता र पूर्णताको जाँच गरि रित पुगेका प्रस्तावहरुको स्थलगत निरीक्षण गरि स्थलगत मुल्याङ्कन समेतको आधारमा उत्कृष्ट प्रस्तावहरु छनौट गरि स्वीकृतिका लागी कृषि ज्ञान केन्द्र प्रमुख समक्ष सिफारिश गर्नु पर्नेछ।

५. सम्झौता सम्वन्धी व्यवस्था: (१) छनौट भएका अनुदानग्राहीहरुलाई कृषि ज्ञान केन्द्रले समय सीमा तोकि सूचना प्रकाशन मार्फत सम्झौता गर्नका लागि अनुदानग्राहीलाई अनुरोध गर्नु पर्नेछ ।

(२) समय सीमा भित्र सम्झौता गर्न नआउने वा सम्झौता गरी समयमा काम शुरु नगर्ने अनुदानग्राहीको सम्झौता रद्द गरी वैकल्पिक अनुदानग्राहीसँग सम्झौता गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

६. अनुदानको अधिकतम सिमाः यस कार्यक्रम अन्तर्गतको प्रस्ताव स्वीकृत गर्दा "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" मा व्यवस्था भए वमोजिम क्रियाकलाप अनुसार अनुदानको अधिकतम सिमा कायम हुनेछ ।

७. अनुगमन र नियमनः (१) मन्त्रालय र निर्देशनालयले सम्पादित कार्यक्रमहरुको सुपरीवेक्षण तथा अनुगमन गर्न सक्नेछ।

८. कार्य सम्पादन प्रतिबेदन तथा भुक्तानि: (१) अनुदानग्राहीले सम्झौता बमोजिमको कार्य सम्पन्न गरि भुक्तानी माँग गरे पश्चात कार्यक्रम सञ्चालन गर्ने निकायले कार्य सम्पन्न प्रतिवेदनको



डा. उमेश दाहाल
प्रदेश सचिव

आधारमा प्रचलित कानून वमोजिम अनुदानग्राहीको वैंक खाता मार्फत भुक्तानि दिनु पर्नेछ । नेपाल कृषि अनुसन्धान परिषद् र त्यस अन्तर्गतका निकायहरु वा कृषि सामाग्री कम्पनी लिमिटेडवाट बीउ विजन खरिद गर्नुपर्ने अवस्थामा कार्यक्रम सञ्चालन गर्ने निकायले सिधै खरीद गरी अनुदानग्राहीलाई उपलब्ध गराउन सक्नेछ।

९. **संशोधन गर्न सक्ने:** (१) मन्त्रालयले आवश्यकता अनुसार यस प्राविधिक मापदण्ड तथा संचलान विधिमा संशोधन गर्न सक्नेछ ।

१०. **अनुसूचिमा थपघट गर्न सक्ने:** (१) मन्त्रालयले आवश्यकता अनुसार यस प्राविधिक मापदण्ड तथा संचलान विधिको अनुसूचिमा थपघट गर्न सक्नेछ ।

११. **खारेजी तथा बचाउ:** (१) कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८१ खारेज गरिएको छ।

(२) कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८१ वमोजिम भए गरेका काम कारवाही यसै वमोजिम भए गरेको मानिनेछ ।

डा. उमेश दाहाल
प्रदेश सचिव

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

अनुसूची १

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्युनतम मापदण्ड | अनुदानको वर्गिकरण अनुरुप खर्च गर्न सकिने क्षेत्रहरु | कैफियत |
|---|---|---|---|---|
| १. | तेलहन बालि प्रवर्द्धन कार्यक्रम | • कृषकको हकमा न्यूनतम १० कठ्ठा क्षेत्रफलमा तेलहन बालीको खेति गर्न ईच्छुक । <br>• कृषक समूह/ कृषि सहकारी/ उद्यमीहरुको हकमा न्यूनतम ३ बिघा क्षेत्रफलमा व्यवसायिक रुपमा तेलहन बालीको खेति गर्न ईच्छुक । | क) उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम <br>• कृषि उत्पादन सामाग्रीहरु (उन्नत वीउ, कृषि चुन) <br>• साना सिचाई व्यवस्थापन <br>• तालिम तथा क्षमता अभिवृद्धि <br>ख) उत्पादनोप्रान्त प्रविधि तथा प्रशोधन कार्यक्रम <br>• स्थानिय उत्पादन प्रयोग गरी प्रशोधन गर्ने मिलहरुको स्थापना वा स्तरोन्नती तथा प्याकेजिङ्ग र लेवलिङ्ग <br>• प्रशोधन सम्वद्ध यन्त्र उपकरणहरु | |
| २. | दलहन बालि प्रवर्द्धन कार्यक्रम | • कृषकको हकमा न्यूनतम १० कठ्ठा क्षेत्रफलमा दलहन बालीको खेति गर्न ईच्छुक । <br>• कृषक समूह/कृषि सहकारीको हकमा न्यूनतम ३ बिघा क्षेत्रफलमा व्यवसायिक रुपमा दलहन बालीको खेति गर्न ईच्छुक । | क) उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम <br>• कृषि उत्पादन सामाग्रीहरु (उन्नत बीउ, कृषि चुन) <br>• साना सिचाई व्यवस्थापन <br>• तालिम तथा क्षमता अभिवृद्धि <br>ख) उत्पादनोप्रान्त प्रविधि तथा प्रशोधन कार्यक्रम <br>• स्थानिय उत्पादन प्रयोग गरी प्रशोधन गर्ने मिलहरुको स्थापना वा स्तरोन्नती तथा प्याकेजिङ्ग र लेभलिङ्ग <br>• प्रशोधन सम्वद्ध यन्त्र उपकरणहरु | |
| ३. | व्यवसायिक तरकारी खेति प्रवर्द्धन कार्यक्रम /टमाटर खेती प्रवर्द्धन कार्यक्रम | • कृषकको हकमा न्यूनतम १० कठ्ठा क्षेत्रफलमा व्यवसायिक रुपमा तरकारी खेति/टमाटर खेती गर्न ईच्छुक । <br>• कृषक समूह/कृषि सहकारीको हकमा न्यूनतम ३ बिघा क्षेत्रफलमा व्यवसायिक रुपमा तरकारी/ टमाटर खेति गर्न ईच्छुक । | क) उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम <br>• व्यवसायिक तरकारी उत्पादन गर्ने कृषकले बेमौसमी तरकारी उत्पादन गर्न चाहेमा वा गरिरहेकोमा ग्रीन हाउस/नेट हाउस, थोपा सिंचाइ, प्लाष्टिक घर लगायतका पूर्वाधारमा सहयोग <br>• कृषि उत्पादन सामाग्रीहरु (बीउ,बेर्ना, कृषि चुन, फेरोमोन पासो) <br>• कृषि सम्वन्धी स्वचालित यन्त्र उपकरणहरु <br>• साना सिचाई व्यवस्थापन | |



डा. उमेश दाहाल
प्रदेश सचिव

| क्र.सं. | कार्यक्रमको नाम | आवश्यक न्युनतम मापदण्ड | अनुदानको वर्गिकरण अनुरुप खर्च गर्न सकिने क्षेत्रहरु | कैफियत |
|---|---|---|---|---|
| | | | • तालिम तथा क्षमता अभिवृद्धि<br>ख) उत्पादनोप्रान्त प्रविधि तथा प्रशोधन कार्यक्रम<br>• हार्भेष्टिङ्ग, ग्रेडिङ्ग, प्याकेजिङ्ग, लेभलिङ्ग, प्रशोधन उत्पादनोप्रान्त प्रविधि तथा पूर्वाधार निर्माण<br>ग) बजार प्रवर्द्धन कार्यक्रम<br>• ढुवानिका साधन<br>• संकलन/भण्डारण केन्द्र, कोल्ड च्याम्बर निर्माण<br>• वेईङ्ग/डिजिटल ब्यालेन्स, क्यारेट | |
| ४. | मुल्य श्रृंखलामा आधारित व्यवसायिक फलफूल खेति प्रवर्द्धन कार्यक्रम | (१) आँप, लिची, केराको लागी<br>• कृषक/कृषि उद्यमिको हकमा न्यूनतम १ बिघा क्षेत्रफलमा व्यवसायिक रुपमा फलफूल खेति गर्न ईच्छुक वा गरिरहेका पुरानो बगैंचाको स्तरोन्नति तथा व्यवस्थापन।<br>• कृषक समूह /कृषि सहकारीको हकमा न्यूनतम १० बिघा क्षेत्रफलमा व्यवसायिक रुपमा फलफूल खेति गर्न ईच्छुक ।<br>(२) अन्य फलफूलको हकमा न्यूनतम १ बिघा क्षेत्रफलमा व्यवसायिक रुपमा फलफूल खेति गर्न ईच्छुक । | क) उत्पादन तथा उत्पादकत्व बृद्धि कार्यक्रम<br>• कृषि उत्पादन सामाग्रीहरु (बेर्ना, कृषि चुन, बोर्डेक्स,फेरोमोन पासो)<br>• स्वचालित यन्त्र उपकरणहरु<br>• ट्रेनिङ्ग प्रुनिङ्ग सम्बद्ध यन्त्र उपकरणहरु, पावर स्प्रेयर<br>• साना सिचाई व्यवस्थापन<br>• तालिम तथा क्षमता अभिवृद्धि<br>ख) उत्पादनोप्रान्त प्रविधि तथा प्रशोधन कार्यक्रम<br>• हार्भेष्टिङ्ग, ग्रेडिङ्ग, प्याकेजिङ्ग, लेभलिङ्ग, प्रशोधन उत्पादनोप्रान्त प्रविधि तथा पूर्वाधार निर्माण<br>ग) बजार प्रवर्द्धन कार्यक्रम<br>• ढुवानि साधन<br>• संकलन/भण्डारन केन्द्र, कोल्ड च्याम्बर निर्माण<br>• वेईङ्ग/डिजिटल ब्यालेन्स, क्यारेट | |
| ५. | मकै वाली प्रवर्द्धन कार्यक्रम | • कृषकको हकमा न्यूनतम १० कठ्ठा क्षेत्रफल गर्न ईच्छुक ।<br>• कृषक समूह /कृषि सहकारीको | क) उत्पादन तथा उत्पादकत्व बृद्धि कार्यक्रम<br>• बीउ, कृषि चुन लगायत अन्य<br>• मकै गोड्ने यन्त्रहरु | |



डा. उमेश दाहाल
प्रदेश सचिव

| क्र.सं. | कार्यक्रमको नाम | आवश्यक न्युनतम मापदण्ड | अनुदानको वर्गिकरण अनुरुप खर्च गर्न सकिने क्षेत्रहरु | कैफियत |
|---|---|---|---|---|
| | | हकमा न्यूनतम १० बिघा क्षेत्रफलमा व्यवसायिक रुपमा मकै बाली खेति गर्न ईच्छुक । | • मकै हार्भेष्टर, मकै थ्रेसर, सेलर यन्त्रहरु<br>• साना सिचाई व्यवस्थापन<br>• तालिम तथा क्षमता अभिवृद्धि<br>ख) उत्पादनोप्रान्त प्रविधि तथा प्रशोधन कार्यक्रम<br>• हार्भेष्टिङ्ग, ड्राईर,थ्रेसिङ्ग फ्लोर, ग्रेडर, प्रशोधन, गोदाम घर उत्पादनोप्रान्त प्रविधि तथा पूर्वाधार निर्माण<br>ग) बजार प्रवर्द्धन कार्यक्रम<br>• संकलन केन्द्र निर्माण<br>• वेईङ्ग/डिजिटल ब्यालेन्स | |
| ६. | हरुवा, चरुवा, दलित लगायत लक्षित वर्गको जिविकोपार्जनका लागी १०० प्रतिशत अनुदानमा कृषि विकास कार्यक्रम | • हरुवा, चरुवा, दलित लगायत लक्षित वर्गहरु | क) उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम<br>• उन्नत बीउ, कृषि चुन<br>• औजार तथा यन्त्र उपकरणहरु<br>• साना सिचाई व्यवस्थापन<br>• तालिम तथा क्षमता अभिवृद्धि<br>ख) बजार प्रवर्द्धन कार्यक्रम<br>• वेईङ्ग/डिजिटल ब्यालेन्स | |
| ७. | मखान खेति प्रवर्द्धन कार्यक्रम | • कम्तिमा १० कठ्ठा क्षेत्रफलमा व्यावसायिक मखान खेती गरीरहेका कृषक/ उद्यमि/ कृषक समूह/ कृषि सहकारी। | • प्रस्ताव तथा स्थलगत अनुगमनको आधारमा उपयोगि औजार उपकरण तथा पूर्वाधार निर्माण सहयोग | |
| ८. | मौरी प्रवर्द्धन कार्यक्रम | • निजि कृषकको हकमा न्यूनतम ५० घारमा मौरीपालन गर्न ईच्छुक ।<br>• कृषक समूह/ कृषि सहकारीको हकमा न्यूनतम ५०० घारमा मौरीपालन गर्न ईच्छुक। | क) उत्पादन तथा उत्पादकत्व बृद्धि कार्यक्रम<br>• मौरी घार<br>• मौरि पालन तथा मौरीजन्य उत्पादन सम्बद्ध कृषि यन्त्र उपकरण<br>• तालिम तथा क्षमता अभिवृद्धि<br>ख) उत्पादनोप्रान्त प्रविधि तथा प्रशोधन कार्यक्रम | |

मधेश प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, जनकपुरधाम, धनुषा, नेपाल



डा. उमेश दाहाल
प्रदेश सचिव

| क्र.सं. | कार्यक्रमको नाम | आवश्यक न्युनतम मापदण्ड | अनुदानको वर्गिकरण अनुरुप खर्च गर्न सकिने क्षेत्रहरु | कैफियत |
| --- | --- | --- | --- | --- |
| | | | • मह लगायत मौरीजन्य उत्पादनहरुको प्रशोधन,प्याकेजिङ्ग, भण्डारण, लेवलिङ्ग लगायत पोष्ट हार्भेष्ट उपकरण तथा भौतिक निर्माण सम्बद्ध कार्य | |
| ९. | च्याउ प्रवर्द्धन कार्यक्रम | • कम्तिमा १० के.जी बीउ प्रयोग गरी च्याउ उत्पादन गर्न ईच्छुक कृषक<br>• कृषक समूह/कृषि उद्यमि/ कृषि सहकारीको हकमा न्यूनतम १०० के.जी बीउ प्रयोग गरी च्याउ उत्पादन गर्न ईच्छुक। | क) उत्पादन तथा उत्पादकत्व बृद्धि कार्यक्रम<br>• च्याउ बीउ, मल, कम्पोस्ट तथा प्याकिङ्ग प्लाष्टिक लगायतका उत्पादन सामाग्री<br>• च्याउ उत्पादन सम्वद्ध कृषि यन्त्र उपकरण तथा पूर्वाधार<br>• तालिम तथा क्षमता अभिवृद्धि<br>ख) उत्पादनोप्रान्त प्रविधि तथा प्रशोधन कार्यक्रम<br>• प्रशोधन,प्याकेजिङ्ग,भण्डारण,लेवलिङ्ग लगायत पोष्ट हार्भेष्ट उपकरण तथा भौतिक निर्माण सम्बद्ध कार्य | |
| १०. | ओल/कन्दमुल वाली प्रवर्द्धन कार्यक्रम | • कम्तिमा १० कठ्ठा क्षेत्रफलमा ओल/कन्दमुल वाली खेती गर्न ईच्छुक कृषक। | क) उत्पादन तथा उत्पादकत्व बृद्धि कार्यक्रम<br>• बीउ, कृषि चुन<br>• औजार तथा यन्त्र उपकरणहरु<br>• साना सिचाई व्यवस्थापन<br>• तालिम तथा क्षमता अभिवृद्धि<br>ख) उत्पादनोप्रान्त प्रविधि तथा प्रशोधन कार्यक्रम<br>• ओल धुने मेसिन<br>ग) बजार प्रवर्द्धन कार्यक्रम<br>• वेईङ्ग/डिजिटल ब्यालेन्स, क्यारेट | |
| ११. | मसला वाली संरक्षण कार्यक्रम | • कम्तिमा १० कठ्ठा क्षेत्रफलमा अदुवा, वेसार, मरिच, जिरा, धनिया, मेथि लगायतका मसाला वाली खेती गर्न ईच्छुक कृषक । | क) उत्पादन तथा उत्पादकत्व बृद्धि कार्यक्रम<br>• बीउ, कृषि चुन लगायत अन्य<br>• औजार तथा यन्त्र उपकरणहरु<br>• साना सिचाई व्यवस्थापन<br>• तालिम तथा क्षमता अभिवृद्धि | |



डा. उमेश दाहाल
प्रदेश सचिव

| क्र.सं. | कार्यक्रमको नाम | आवश्यक न्युनतम मापदण्ड | अनुदानको वर्गिकरण अनुरुप खर्च गर्न सकिने क्षेत्रहरु | कैफियत |
|---|---|---|---|---|
| १२. | उखु वाली प्रवर्द्धन कार्यक्रम | • कम्तिमा १ विघा क्षेत्रफलमा उखु उत्पादन गर्न ईच्छुक कृषक। | क) उत्पादन तथा उत्पादकत्व बृद्धि कार्यक्रम<br>• सेट्स, कृषि चुन<br>• औजार तथा यन्त्र उपकरणहरु<br>• साना सिचाई व्यवस्थापन<br>• तालिम तथा क्षमता अभिवृद्धि | |
| १३. | बगर खेतीमा सहयोग | • कम्तिमा १० कट्ठा बगर क्षेत्रमा उत्पादन गर्न ईच्छुक कृषक। | क) उत्पादन तथा उत्पादकत्व बृद्धि कार्यक्रम<br>• बीउ, कृषि चुन<br>• औजार तथा यन्त्र उपकरणहरु<br>• साना सिचाई व्यवस्थापन<br>• तालिम तथा क्षमता अभिवृद्धि<br>ख) बजार प्रवर्द्धन कार्यक्रम<br>• ढुवानि साधन<br>• वेईङ्ग/डिजिटल ब्यालेन्स, क्यारेट | |
| १४. | पुष्प खेती प्रवर्द्धन कार्यक्रम | • कम्तिमा ५ कट्ठा क्षेत्रमा उत्पादन गर्न ईच्छुक कृषक। | क) उत्पादन तथा उत्पादकत्व बृद्धि कार्यक्रम<br>• उन्नत बीउ, कृषि चुन<br>• औजार तथा यन्त्र उपकरणहरु<br>• साना सिचाई व्यवस्थापन<br>• तालिम तथा क्षमता अभिवृद्धि<br>ख) उत्पादनोप्रान्त प्रविधि तथा प्रशोधन कार्यक्रम<br>• हार्भेष्टिङ्ग, ग्रेडिङ्ग, प्रशोधन लगायतका उत्पादनोप्रान्त प्रविधि तथा पूर्वाधार निर्माण<br>ग) बजार प्रवर्द्धन कार्यक्रम<br>• ढुवानि साधन | |
| १५. | रैथाने वाली प्रवर्द्धन कार्यक्रम | सोहिजन, कोदो आदीको लागिः<br>• कम्तिमा १० कट्ठा क्षेत्रफलमा सोहिजन, कोदो वाली खेती गर्न | क) उत्पादन तथा उत्पादकत्व बृद्धि कार्यक्रम<br>• बीउ, कृषि चुन लगायत अन्य<br>• औजार तथा यन्त्र उपकरणहरु | |

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल



डा. उमेश दाहाल
प्रदेश सचिव

| क्र.सं. | कार्यक्रमको नाम | आवश्यक न्युनतम मापदण्ड | अनुदानको वर्गिकरण अनुरुप खर्च गर्न सकिने क्षेत्रहरु | कैफियत |
|---|---|---|---|---|
| | | ईच्छुक कृषक। | • साना सिचाई व्यवस्थापन<br>• तालिम तथा क्षमता अभिवृद्धि<br>ख) उत्पादनोप्रान्त प्रविधि तथा प्रशोधन कार्यक्रम<br>• हार्भेष्टिङ्ग, ग्रेडिङ्ग, प्रशोधन लगायतका उत्पादनोप्रान्त प्रविधि तथा पूर्वाधार निर्माण | |
| १६. | कौशी खेती प्रवर्द्धन कार्यक्रम | • कौशी खेती गर्ने ईच्छुक व्यक्ति | • कौशी खेती गर्ने ईच्छुक व्यक्तिहरुलाई प्राविधिक तालिम दिई उन्नत बीउ, वेर्ना, गमला, ड्रम, प्राङ्गारिक मल, गार्डेनिङ्ग टुल्स लगायत अन्य उत्पादन सामाग्रि वितरण | |

नोटः ढुवानी साधनको हकमा कृषि विकास निर्देशनालयबाट स्वीकृति लिनु पर्नेछ।

साना सिचाई व्यवस्थापनको हकमा एकल वा सामूहिक न्यूनतम २ बिघा क्षेत्रफल हुनुपर्ने।

डा. उमेश दाहाल
प्रदेश सचिव